मनहरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश,नेपाल

प.सः२०७८/०७९ बैठक ब्यावस्थापन शाखा

च.नं.२८०२

मितिः२०७९/०२/१८

**बिषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

श्री मनहरी गाउँपालिका
सबै शाखा/उपशाखा प्रमुखहरु
वडा कार्यालय/वडा सचिवहरु
मनहरी,मकवानपुर ।

प्रस्तुत बिषयमा मिति २०७९ जेष्ठ १८ गते बुधबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णय पाना थान ४ (चार) यसैसाथ सम्लग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

२/१८

...............................

मोहनकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०२/१८ गते बुधवार विहान ७:00 बजे यस मनहरी गाउँ कार्यपालिकाको पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थिति सहित बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री अमिर दहाल सहयकस्तर चौथो प्रशासन शाखा

## मिति २०७९ जेष्ठ १८ गते बुधबार बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

मिति २०७९ जेठ १८ गतेको गाउँ कार्यपालिका बैठकमा छलफल विषयवस्तु

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय राजस्व परामर्श समिति गठन सम्बन्धमा ।

२. मनहरी गाउँपालिका कार्य विभाजन नियमावली, २०७४ को अनुसूचि संशोधन सम्बन्धमा ।

३. मनहरी खोलाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम ढुङ्गा गिटी उत्खनन तथा विक्री सम्बन्धमा ।

४. हावाहुरीका तथा हावाहुरी पिडितका लागी  जस्तापाता वितरण कार्यविधी,२०७६ संसोधन सम्बन्धमा ।

५. प्रदेश निजामती सेवा अध्यादेश २०७८ बमोजिम कर्मचारीको स्तर बृद्दि सम्बन्धमा ।

६. कर संकलनको लागि आवश्यक कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

७. सवारी चालक सम्बन्धमा ।

८. कर संकलन केन्द्रको रसिद छानविन सम्बन्धमा ।

९. विविध ।

निर्णय

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६५ अनुसार स्थानीय राजस्व परामर्श समितिमा पदेन सदस्य बाहेक तपशिल अनुसारका तपसिल बमोजिम दुइ जना सदस्यहरु तोक्ने निर्णय गरियो ।

क. सदस्य श्री ठाकुरराम तितुङ, वडा अध्यक्ष वडा नं. ७

ख. सदस्य श्री सेतीमाया लोप्चन, कार्यपालका सदस्य

२. प्रस्ताव नं.२ उपर छलफल गर्दा मनहरी गाउँपालिका कार्य विभाजन नियमावली २०७४ को अनुसूचि १ मा देहायका समिति रहने गरी संशोधन गर्ने र सो समितिहरुमा देहाय बमोजिम संयोजक तोक्ने निर्णय गरियो ।

क. आर्थिक विकास समिति

संयोजक श्री प्रकाश थापा, वडा अध्यक्ष वडा नं. ४

ख. सामाजिक विकास समिति

संयोजक श्री अनन्त प्रकाश अर्याल, वडा अध्यक्ष वडा नं. ३

ग. वातावरण तथा विपद् व्यवस्थापन समिति

संयोजक श्री राजकुमार श्रेष्ठ, वडा अध्यक्ष वडा नं. ९

रन्जन कालाखेती
अध्यक्ष

घ. सुशासन तथा संस्थागत विकास समिति

संयोजक श्री ठाकुरराम तितुङ, वडा अध्यक्ष वडा नं. ७

ङ. पुर्वाधार विकास समिति

संयोजक श्री यूवराज थपलिया, वडा अध्यक्ष वडा नं. ६

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा मिति २०७९ वैशाख ०२ गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार मनहरी पुल भन्दा ५०० मिटर भन्दा माथीवाट नदीजन्य श्रोत उत्खनन गर्ने सम्वन्धमा कार्यालयवाट भएको पहिलो चरणको कार्य प्रकृया अनुमोदन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा हावाहुरी तथा आगलागी पिडितको लागी जस्तापाता बितरण कार्यविधी २०७६ को परिच्छेद ३ को उपदफा ९ को १ लाई देहायका अनुसार संसोधन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. गाँउपालिका उपाध्यक्ष | -अध्यक्ष |
| ख. वडा १ नं. वडा अध्यक्ष | - सदस्य |
| ग. विपत ब्यावस्थापन समितीका संयोजक | -सदस्य |
| घ. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी | - सदस्य |
| ङ. नेपाल प्रहरीको स्थानीय प्रमुख वा प्रतिनिधी | - सदस्य |
| च. गाँउपालिकामा रहेको स्वास्थ्य ईकाई प्रमुख वा प्रतिनिधी | - सदस्य |
| छ. स्थानीय उद्योग बाणिज्य संघका प्रमुख वा निजले तोकेको प्रतिनिधी | -सदस्य |
| ज. स्थानीय संचारकर्मीहरु | - सदस्य |

अ. श्री शिव कुमार कासी रिजाल

आ.श्री गणेश दर्पण अधिकारी

हावाहुरी तथा आगलागी पिडितको लागी जस्तापाता बितरण कार्यविधी २०७६ को परिच्छेद ३ को उपदफा १५ को (क)र(ख) लाई देहायका अनुसार संसोधन गर्ने निर्णय गरियो ।

क. दफा १४ को खण्ड क,ख,ग मध्य जुनसुकै बिषयको बिपत बमोजिम बर्गिसकरण भित्रका आंशिक क्षेतिग्रस्त घरलाई रु १०,०००/-(अक्षरुपी दस हजार मात्र )राहत स्वरुप उपलब्ध गराउने ।



रन्जन कालाखेती
अध्यक्ष

ख. दफा १४ को खण्ड क,ख,ग मध्य जुनसुकै बिषयको बिपत बमोजिम बर्गिसकरण भित्रका पूर्ण क्षेतिग्रस्त घरलाई रु२०,०००/-(अक्षरुपी बिस हजार मात्र ) राहत स्वरुप उपलब्ध गराउने

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा बागमती प्रदेश सरकारकारद्धारा मिति २०७८ चैत्र २४ गतेप्रदेश राजपत्रमा प्रकाशित स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा ब्यावस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ६ दरवन्दी कायम गरिनेको उपदफा १ मा उक्त अध्यादेश प्रारम्भ हुँदाका बखत लोकसेवा आयोगबाट खुल्ला प्रतियोगीताबाट स्थानीय तहको छैंटौं तहको पदमा सिफारिस भई रिक्त भैसकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुल्ला प्रतियोगीताबाट पद पुर्तिको लागि विज्ञापन भई प्रकृयामा रहेका पदमा सिफारिस भई नियुक्त हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियार वालाले सातौं तह कायम गरिदिनेछ भन्ने ब्यावस्था भए बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम लोकसेवा आयोगको बिज्ञापनमा खुला प्रतियोगीताबाट नियुक्ती भएका तपशिल बमोजिमका योग्यता पुगेका कर्मचारीहरुलाई आजैको मिति देखि सातौं तह कायम गरि पदस्थापन गरि सम्बन्धित निकायहरुमा जानकारी दिने निर्णय गरियो ।

तपशिल

| क्र.स | कर्मचारीको नामथर | हालको | | कायम गरिएको पद/तह | |
|---|---|---|---|---|---|
| | | सेवा/समुह/उपसमुह | पद/तह | सेवा/समुह/उपसमुह | पद/तह |
| १ | अभिषेक पाण्डे | नेपाल ईन्जिनियरिङ/सिभिल | ईन्जिनियर/ अधिकृत छंटौं | नेपाल ईन्जिनियरिङ/सिभिल | ईन्जिनियर/ अधिकृत सातौं |
| २ | अन्जना सुवेदी | नेपाल प्रशासन/सा.प्र. | अधिकृत छैटौं | नेपाल प्रशासन/सा.प्र. | अधिकृत सातौं |

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा मनहरी लगायतका नदीमा नदीजन्य पदार्थ उत्खननको लागि आइ. इ. इ. स्वीकृत हुन नसकेका कारण उत्खनन र विक्रीका लागि ठेक्का लगाउन नसकिएको कारण गाउँपालिका आफैले अमानतमा कर सकंलन गर्न परेको । कर संकलनको

निर्णय प्रमाणीत
प्रमुख प्रशासकीय अधिकृत

लागि आवश्यक कर्मचारी र कर सम्बन्धी मात्र काम गर्ने कर्मचारी अभावमा प्रभावकारी हुन नसकेको हुँदा गाउँपालिकाले अमानतमा सो कार्य गरुन्जेल ९ जना कर संकलन सहयोगी सहायक स्तर चौथो तह र ३ जना सुपरिवेक्षक सहायक स्तर पाँचौ तह सरहको कर्मचारी अर्को बैठकमा निर्णय गरि ब्यावस्थापन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस गाउँपालिकामा साविकमा कार्यरत ह.स.चा. श्री विकास उप्रेतीले मिति २०७९।०१।११ मा आफनो पदबाट राजिनामा दिइ पद रिक्त भएको हुँदा सो पदमा करार सेवामा श्रेणी विहिन कर्मचारी र प्राविधक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि २०७८ बमोजिम पदपूर्तिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ उपर छलफल गर्दा मिति २०७९ जेठ १५ गते कर संकलन केन्द्रमा खटिने कर्मचारीले कर संकलनको नगदी रसिदको ग्राहकलाई उपलब्ध गराइने प्रतिमा फरक रकम र कार्बन कपीमा फरक रकम लेखि सरकारी राजस्व हिनामिना गरेको देखिएको हुँदा सो कार्यमा संलग्नलाई सोही मितिबाट अवकाश दिने र गाउँपालिकाले यस आर्थिक बर्षमा अमानतमा उठाएको सबै ढुङ्गा गिटी बालुवा रोडाको विक्री शुल्कको नगदी रसिदमा त्यस्तै खालका ग्राहक प्रति र कार्बन प्रतिमा फरक पारी कार्बन प्रतिमा न्यून मात्र रकम काटी गाउँपालिकालाई हानी नोक्सानी पुर्याए नपुर्याएको छानविन तथा चुहावट नियन्त्रणका उपाय समेतको सिफारिस गर्न देहाय बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो

क. संयोजक श्री युवराज थपलिया

ख. सदस्य श्री ठाकुराम तितुङ

ग. सदस्य श्री नारायण उप्रेती

घ. सदस्य श्री राजकुमार श्रेष्ठ

ङ. सदस्य सचिव श्री डिल्लीराम रेग्मी

उपरोक्त निर्णयहरु सर्वसम्वतरुपमा पारित गरि सम्पन्न गरियो ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

रन्जन कालाखेती
अध्यक्ष